# फेटा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फेटा, बारा
## प्रदेश नं. २, नेपाल

**सूचना प्रविधि उपकरण खरिद लगायत अन्य आवश्यक सामानहरुको सम्बन्धि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**प्रकाशित मिति – २०७५/०१/०८**

यस गाउँपालिकाको लागि यस आ.व. २०७४/०७५ मा स्वीकृत बार्षिक कार्यक्रमको लागि आवश्यक पर्ने तपसिल बमोजिमका गुणस्तरीय सूचना प्रविधि उपकरणहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ को नियम ८४(१) बमोजिम आपूर्ति गर्नु पर्ने भएकोले आपूर्ति गर्न ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरु वा सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।यस दरभाउपत्र सम्बन्धि विस्तृत जानकारी यस गाउँपालिकाको वेभसाइट www.phetamun.gov.np तथा सूचनापाटीमा टाँस गरिएको छ । शिलबन्दि सम्बन्धि कागजातहरु फेटा गाउँकार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न र दाखिला गर्न सकिने व्यहोरा सुचित गरिन्छ ।

| सि.न. | सूचना न. | खरिद गर्ने सामान | संख्या | जमानत रकम | दरभाउपत्र दस्तुर | खरिद प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | ६/२०७४/०७५ | Laptop Computer | १० | २१०००। | १०००/ | शिलबन्दि दरभउपत्र |
| २. | ७/२०७४/०७५ | Desktop Computer | १० | २४०००। | १०००/ | ,, ,, |
| ३. | ८/२०७४/०७५ | 3 in one printer | १० | ९०००। | १०००/ | ,, ,, |

Laptop Computer, Desktop Computer and 3 in one printer को Specification लगायत अन्य शर्तहरु www.phetamun.gov.np मा राखिएको छ ।

**बोलपत्र सम्बन्धि शर्तहरु**

(१) दरभाउदाताहरुले दरभाउपत्रसाथ देहायका कागजातहर पेश गर्नु पर्नेछ ।

(क) फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी

(ख) मूल्य अभिवृद्धि कर दर्ता सहितको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ग) दरभाउपत्र दाताले खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाभिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति ।

(घ) आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

(२) देहाय अनुसारको दरभाउपत्र तथा जमानत वापतको रकम स्वीकृत प्राप्त वाणिज्य बैंकबाट कम्तिमा ७५ दिन म्याद भएको शर्तरहित बैंक जमानी पत्र( बीड बन्ड) वा यस कार्यालयको नाममा जम्मा हुने गरी रा.बा.बैंक कलैया शाखामा रहेको धरौटी खाता नम्बर १२६०३०३००७१०७ खातामा नगद जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

(३) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र दाखिला गर्नुपर्नेछ । दरभाउपत्रको प्रत्येक पानामा सही छाप गरी खामबन्दी गरी खामको बाहिरी भागमा यस कार्यलयलाई सम्बोधन गरी दरभाउपत्रदाताको नाम, पत्राचार गर्ने आधिकारिक ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई खाममा सिलबन्दि गरी यस कार्यालयको खरिद इकाईमा मात्र दर्ता गराउनु पर्ने छ । यसरी दर्ता हुन आएका दरभाउपत्रहरु सोहि दिनको दिउँसो २:०० बजे कार्यालयका प्रतिनिधिहरु, दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्रहरु खोल्न बाधा पर्ने छैन ।

(४) दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

(५) दरभाउपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

(६) दरभाउपत्र सम्बन्धि अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

(७) दरभाउपत्र सम्बन्धि अन्य कार्यविधी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित कानून बमोजिम हुनेछ ।

(८) दरभाउपत्रमा मल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र भर्दा स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । म्याद नाघी आएको रित नपुगेको दरभाउपत्रमा कुनै कारवाही गरिने छैन। स्पेशिफिकेशन सहितको दरभाउपत्र पेश गर्नु पर्ने छ । विना स्पेशिफिकेशनको दरभाउपत्र मान्य हुने छैन ।

(९) एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

(१०) अन्य थप केही कुराहरु बुझ्न परेका यस कार्यालयको आर्थिक प्रशासन शाखा र जिन्सी शाखामा कार्यालय समयभित्र सम्पर्क गरी जानकारी लिन गरी जानकारी लिन सकिने छ ।

प्रमुख प्रशासकिय अधिकृत

उदय शंकर चौधरी

कार्यकारी अधिकृत

Scanned by CamScanner